bhanjyangnews.com
वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक
BHANJYANG NATIONAL DAILY

सुर्य पेन्ट, ढोकापल्ला, झ्याल/ढोका चौकोस, प्लाई, फरमाइका, सिमेन्ट बोर्ड, जिप्सन, कानिर्स (पेरिस बुट्टा), वालपेपर फिटिङका सामान तथा किचन डेकोरेसनका सम्पूर्ण सामानहरू सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्झनुहोस ।

मो. : ९८४६१३१०५८, ९८१६६९६६०८
WhatsApp ९८०६७०८०००

प्रो. सुरज कुमार श्रेष्ठ

के. एण्ड आर. ब्रदर्श सप्लायर्स

शहीदगेट, दमौली, तनहुँ

वर्ष ४१ अंक ११३ २०७९ भदौ ०७ गते मंगलबार, नेपाल सम्वत् ११४२ August 23, 2022 पृष्ठ ४ मूल्य : रू. ५/-




**तनहुँका युवतीको कौरा नृत्य :** रोटऱ्याक्ट क्लव अफ दमौलीको २०औं पदस्थापन कार्यक्रममा कौरा नृत्य प्रस्तुत गर्दै युवतीहरू । कौरा गीत र नृत्य नयाँपुस्तालाई आकर्षित गर्ने गरेको छ ।
*तस्विर : भञ्ज्याङ*

# साइबर अपराध : फेसबुक ह्याक गर्दै रकम माग्दै

**कृष्ण दवाडी**/कास्की

पोखरा महानगरपालिका–१ बगरका 'फ्रेन्सी' व्यवसायी बलराम आचार्यलाई शनिबार दिउँसो परिचित व्यक्ति रमेश बञ्जाराको फेसबुक म्यासेन्जर कल आयो । ती परिचितले सञ्चो विसञ्चो सोधपुछ गरी नम्बर हराएकाले पुनः मोबाइल नम्बर पठाउन आग्रह गरे। यसपछि मोबाइलमा आफूले एउटा लिङ्क पठाएकाले सोको कोड दिन आग्रह गरेपछि व्यवसायी आचार्यले चिनजानको साथीले भनेपछि तुरून्तै पठाइदिनुभयो । कुराकानीकै क्रममा मोबाइल बैंकिङ एप्स छ वा छैन? इसेवा चलाउनुहुन्छ कि हुँदैन भनेपछि उहाँले आफ्नो इसेवामा हाल पैसा नभएको जवाफ फर्काउनुभयो ।

सोको एक घण्टापछि आचार्यलाई काठमाडौंका एक साथीले मैले पठाइदिएको रू २५ हजार पाउनुभयो भनेर भन्नासाथ उहाँ झसङ्ग हुनुभयो । यसबीचमा आचार्यले कसैसँग पनि पैसा माग्नुभएको थिएन। साथीले आफ्नो म्यासेन्जरबाट अनुरोध गरेपछि पैसा पठाइएको बताएपछि उहाँ आफूलाई प्रयोग गरेर कसैले साथीलाई ठगेको निचोडमा पुग्नुभयो। मोबाइलमा आएको कोड पठाएलगत्तै आफ्नो फेसबुक नियन्त्रणमा लिएर म्यासेन्जरबाट विभिन्न व्यक्तिसँग पैसा माग गरिएको आचार्यले बताउनुभयो।

उहाँले भन्नुभयो, "मोबाइलमा आएको लिङ्कको कोड दिएलगत्तै मेरो फेसबुक अकाउण्ट ह्याक गरी धेरै जनासँग पैसा मागिएको रहेछ । पछि साथीहरूले फोन गरेर पैसा पठाइदिएको छु भनेपछि मात्र ठगी गरिएको थाहा पाएँ ।" आफन्त तथा चिनजानका व्यक्ति तीन जनाबाट रू ६५ हजार ठगी भएको उजुरी लिएर आचार्य आइतबार जिल्ला प्रहरी कार्यालयमा पुग्नुभएको थियो ।




उहाँ मात्र होइन, शनिबार मात्र पोखरामा एकैदिन छ जना बढी व्यक्ति फेसबुक आइडी ह्याक गरेर ठगिएको निवेदन लिएर प्रहरीकहाँ पुग्नुभएको थियो । पोखरा–१८ सराङकोटका सुजन भण्डारीको अवस्था पनि उस्तै थियो। आफ्नो काका नाता पर्ने चेतनाथ भण्डारीको फेसबुक आइडीबाट शनिबार राति ११ बजेतिर इसेवाको पासवर्ड पठाउन भनेपछि उहाँले आफ्नै काकाले भनेपछि विश्वास गरेर दिनुभयो तर काकाको फेसबुक आइडी ह्याक गरिएको उहाँले भोलिपल्ट बिहान मात्र थाहा पाउनुभयो ।

भण्डारीले इसेवाको पासवर्ड दिएपछि उहाँको नम्बरमा विभिन्न व्यक्तिबाट रू एक लाख जम्मा भएको र लगत्तै सो रकम अन्यत्र पठाइएको पाइएको छ । आफन्त, चिनेजानेका व्यक्तिबाट फेसबुक म्यासेन्जरमा अनुरोध भएका आधारमा विश्वासमा परेर रकम पठाउने ठगिने क्रम पोखरामा बढेको हो । यसरी ठगिनेमा सर्वसाधारणमात्र होइन, जनप्रतिनिधि, व्यवसायी, सञ्चारकर्मी लगायत समाजका शिक्षित भनिएका व्यक्तिसमेत परेका छन् । विश्वासका आधारमा बुझ्दै नबुझी पैसा दिंदा ठगिने क्रम बढ्दो छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले साइबर अपराधका घटना सचेतनाको अभावमा बढ्दै गएको बताउनुभयो । प्रविधि र सुविधाको विकाससँगै आर्थिक प्रलोभन र सामाजिक सञ्जालको प्रयोग गरेर ठगी गर्ने क्रम बढेकाले उपहारको प्रलोभनमा खाता नम्बर, नागरिकता नम्बर, जन्ममिति, राहदानी नम्बर वा सवारी चालक अनुमतिपत्रको नम्बरजस्ता विवरण अरूलाई उपलब्ध गराउन नहुने उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "फेसबुक ह्याक गरेर साथीभाइलाई पैसा पठाउन भन्ने र सो पैसा अन्यत्र डाइर्भट गरेर छिमेकी मुलुक लगायतबाट निकाल्ने गरेको पाइएको छ । कसैलाई पैसा पठाउनुभन्दा अघि एकपटक फोन गरेर निश्चित हुनुपर्दछ। फेसबुक, भाइबर, म्यासेन्जरमा आग्रह गरेका आधारमा पैसा दिएका ठगिनुभएको छ ।"

साइबर अपराधका घटनाबाट जोगिन व्यक्ति आफैं सचेत बन्नुपर्ने उहाँले बताउनुभयो । प्रनाउ तिवारीले भन्नुभयो "आफ्ना व्यक्तिगत विवरण, बैंक वित्तीय संस्था र डिजिटल माध्यमका अकाउण्ट र पिन, कोड लगायत विवरण सुरक्षित राख्नुपर्छ।" ठगी गर्नेले निरक्षर र ज्यालामजदुरी गर्ने व्यक्तिका विवरणका आधारमा नक्कली बैंक खाता र इसेवा लगायतका आइडी खोल्ने र जो त्यस्ता घटनामा संलग्न हुन सक्दैनन् उनीहरूका खातामा पैसा गएको देखिने गरेकाले अनुसन्धान जटिल बन्ने गरेको प्रहरीको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालयमा गत आर्थिक वर्षमा साइबर अपराधका दुई सय ९७ उजुरी परेका थिए । यसमा पुरूष एक सय २७ र महिला एक सय ७० ठगिएको उजुरी छ । त्यसैगरी गत साउन महिनामा मात्र २९ उजुरी परेका छन् । अनलाइनबाट ठगीका ३३, गाली बेइज्जत र अश्लिल कुराका ३८, फेक आइडी ९६ र सामाजिक सञ्जाल ह्याक गरेर ठगी गरिएका एक सय २६ उजुरी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । रासस

निखिल ढाका कपडा तथा सटिङ्ग-सुटिङ्ग उद्योग



व्यास-१ र २, दमौली, तनहुँ ।
मो. ९८४१८०००६१, ९८०६६७३३४४
प्रो. विष्णु एण्ड कला



हाम्रा सेवाहरू : यहाँ ब्राण्डेड सटिङ्ग–सुटिङ्ग कपडा, ढाका टोपी, साडी, व्यागहरू, दौरा सुरूवाल आदि पाइनुका साथै सम्पूर्ण कपडाहरू सिलाईको पनि राम्रो व्यवस्था गरिएको छ ।

# म्याग्देका जनप्रतिनिधिलाई योजना तर्जुमा प्रशिक्षण

भञ्ज्याङ समाचारदाता/बन्दिपुर

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको साझेदारी र म्याग्दे गाउँपालिकाले नवनिर्वाचित जनप्रतिनिधी र कर्मचारीहरूका लागि योजना तर्जुमा प्रक्रिया तथा प्रभावकारी सेवा प्रवाह विषयक प्रशिक्षण दिएको छ। गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले प्रशिक्षण कार्यक्रमको शुभारम्भ गर्दै जनप्रतिनिधिलाई काम, कर्तव्य कोईराला, श्रोत व्यक्ति उदय खनाल लगायतले नवनिर्वाचित जनप्रतिनिधीहरूलाई जनप्रतिनिधिको हक अधिकार विषयमा सहजिकरण गर्ने म्याग्दे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण प्रसाद अधिकारीले बताए ।

दुई दिनसम्म सञ्चालन हुने प्रशिक्षण कार्यक्रममा स्थानीय तहको काम कर्तव्य र अधिकार, वडा समिति र वडाध्यक्षको काम कर्तव्य र अधिकार,



र अधिकारका विषयमा जानकारी मिल्नेमा विश्वास व्यक्त गरे ।

यस्तै, अभिमुखीकरण कार्यक्रममा बन्दिपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले अभिमुखिकरण कार्यक्रमले जनप्रतिनिधीलाई काम कर्तव्य र अधिकारीको बारेमा शुसुचित हुने अवसर प्राप्त गर्ने बताए। जनप्रतिनिधिहरूले जनताका कामका बारेमा जानकारी लिने र कार्यन्वयन गर्ने हो भने जनताले सहज सेवा पाउने समेत विश्वास व्यक्त गरे ।

कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष वालकृष्ण घिमिरेले जनप्रतिनिधि सधै अनभिज्ञ बन्दा कार्यसम्पादनमा कठिनाई आएको र यसको व्यवहारिक कार्यन्वयनमा प्रशिक्षण फलदायी हुनेमा विश्वास व्यक्त गरे । स्थानीय विकास प्रशिक्षणका उपनिर्देशक हरिकृष्ण संघ, प्रदेश र स्थानीय तहबिचको अन्तरसम्वन्ध लगायतका विषयमा सहजिकरण गरिने भएको छ। स्थानीय तहको राजश्व अधिकार तथा अन्तर सरकारी वित्तीय हस्तान्तरण, स्थानीय तहमा उपभोक्ता समितिको गठन, काम कर्तव्य र अधिकार, व्यवहारिक समस्या केन्द्रित छलफल र सार्वजनिक खरिद, विकास योजना, भवन निर्माण सम्वन्धी आचार संहिता तथा मापदण्ड कार्यक्रम, मुल्याङ्कन लगायतका विषयमा अभिमुखिकरण गरिने भएको छ । यस्तै, स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, मध्यमकालिन खर्च संरचन, सकारात्मक सोच र स्थानीय तहमा सुशासन प्रवर्द्धन, स्थानीय तहको असल अभ्यास र संघ र प्रदेश र अन्तरसम्वन्धका विषयमा सहजिकरण गरिएको अधिकारीले बताए ।

# शुक्लागण्डकी र आँवुखैरेनीका भूमिहीनलाई पुनः निवेदन खुला

भञ्ज्याङ समाचारदाता/दमौली

राष्ट्रिय भूमि आयोगले तनहुँका दुई पालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि पुनः निवेदन खुला गरेको छ । आयोगले शुक्लागण्डकी नगरपालिका र आँबुखैरेनी गाउँपालिकाका भूमिहीन दलित,




भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि निवेदन दिन ३५ दिने सूचना जारी गरिएको हो ।

आयोगले सूचना प्रकाशन गर्दै आफ्नो वडामा तोकिएको ढाँचामा निवेदन दिन आग्रह गरेको छ । शुक्लागण्डकी र आँबुखैरेनीले विभिन्न कारण देखाइ लगत संकलनको काम सम्पन्न हुन नसकेको भनी आयोगमा पुनः सूचना प्रकाशनका लागि अनुरोध गरेको थियो। शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले यसअघि निवेदन दिन छुट भएकालाई लक्षित गरी पुनः निवेदन संकलन गर्न लागिएको बताए ।

दुई पालिकामा भदौ २ देखि ३५ दिनभित्र स्थानीय तहबाट वडामा तोकिएका स्थानमा खटिएका लगत संकलकमार्फत पेश गर्न आग्रह गरिएको छ । यसअघि निवेदन परिसकेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले पुनः निवेदन दिनु नपर्ने तर निस्सा लिन सम्बन्धित वडामा सम्पर्क गर्न अनुरोध गरिएको छ । यसअघि जिल्लाका दशवटै पालिकामा लगत संकलन गरिसकिएको थियो ।

बाँकी तेश्रो पेजमा

# सम्पादकीय .........

www.bhanjyangnews.com

## खाँचो प्रविधि सचेतनाको

अहिले प्रविधि मानिसको शरीरको एक अंग जस्तै बन्न पुगेको छ । किनकी प्रविधि बिना मानिस केही समय पनि अलग भएर बस्न नसक्ने अवस्थामा छ । छोटो समयमा प्रविधिले हरेक क्षेत्रमा आफ्नो पकड जमाएको छ । प्रविधिको प्रयोग गरी अहिले मानिसले आफ्नो दैनिकीलाई सहज बनाएका पनि छन् । प्रविधिकै कारण विश्व अहिले मानिसको मुट्ठीमा कैद भएको छ । सेकेण्ड भरमै कुनै पनि मुलुकको खबर सहजै थाहा पाउन सकिन्छ भने जटिल भन्दा जटिल काम पनि प्रविधिको प्रयोग गरी सहजै पूर्णता दिन पनि सकिएको छ । तर, यही प्रविधिलाई सहि रूपमा प्रयोग गर्न नसक्दा यसले भयंकर घटना समेत निम्त्याउने गरेको छ । विशेष गरी नेपाली समाजमा पछिल्लो समय प्रविधिको सहि ढंगले प्रयोग गर्न नसक्दा सकरात्मक भन्दा नकरात्मक असरहरू देखिन थालेका छन् । अधिकांश नेपालीको हातहातमा अहिले स्मार्ट फोन (मोबाइल)को पहुँच छ । स्मार्ट फोन बोक्ने अधिकांश इन्टरनेटसंग जोडिएका पनि छन् । इन्टरनेटका माध्यमबाट स्मार्ट फोन बहाकले प्रयोग गर्ने सामाजिक सञ्जाल (फेसबुक, टिकटक, म्यासेन्जर, भाइबर आदि)ले फाइद र वेफाइदा दुबै दिइएको पनि छ । मनोरञ्जन त छदैछ, सूचना तथा सम्वाद आदानप्रदानमा पनि सहजता भएको छ । तर, स्मार्ट फोन र सामाजिक सञ्जालकै कारण पारिवारिक सम्बन्ध विथोलिदै पनि गएको छ । प्रविधि र सामाजिक सञ्जाल के कसरी सञ्चालनमा ल्याउने भन्ने आवश्यक शिक्षा अभावमा यसले नेपाली समाजमा नकरात्मक असर देखाउन थालेको छ ।

प्रविधिको सहि रूपमा प्रयोग नगर्दा धेरै घरपरिवारको सम्बन्धमा धरार पैदान गरेको छ । साउन महिनाको पहिलो साता दमौलीका एक दम्पती घरझगडाको समस्य लिएर जिल्ला प्रहरी कार्यालय तनहुँ पुगे । श्रीमानले सधै कुटपिट गर्ने भन्दै श्रीमतीले मान्छे झिकाई छानविन गरिपाउ भन्दै प्रहरीमा निवेदन दर्ता गरिन् । श्रीमतीको आरोप छ, 'श्रीमानले जाँडरक्सि खाएर बिनाकारण कुटपिट गर्छन् ।' बिवाह भएको एक महिना बितेपछि अरूको कुरा सुनेर मलाई बिनाकारण श्रीमानले कुटपिट गर्नेगरेको भन्दै उनि प्रहरीकोमा न्याय माग्न आइपुगेकी थिइन् । सवारी चालक रहेका श्रीमानको गुनासो भने अर्कै थियो । 'विवाह गरेपछि केही महिना सबै राम्रै चलिरहेको थियो, उनले मोवाइल लिन थालेपछि हाम्रो सम्बन्धमा खटपट आएको हो । हाम्रो सम्बन्धमा स्मार्टफोन बाधक बनेको छ ।' श्रीमतीले आफुखुसी मोवाइल खरिद गरी लिएको तर मोवाइल खरिद गरेको विषयमा आफुलाई केहीपनि नभनेको श्रीमान्को गुनासो थियो । अहिले उनीहरूको झगडाको विषय स्मार्ट फोन बनेको छ । यसै कारण दुईजना बिच सम्बन्ध अन्त्य गर्ने भन्दै श्रीमती प्रहरी कार्यालयमा आइपुगेकी थिइन् । स्मार्ट फोनको गलत प्रयोगबाट कैयौंको घरबार बिग्रिएका छन् । कैयौंको सम्बन्ध विच्छेद पनि भएका छन् । स्मार्ट फोन र समाजिक सञ्जालको गलत प्रयोगका कारण अहिले नेपाली समाजलाई खलबल्याउँदै लगेको छ । यो एउटा प्रतिनिधिमुलक उदहारण मात्र हो । यस्ता घटना अहिले दैनिक घट्दै जान थालेका छन् ।

प्रविधिको सही प्रयोग नगर्दा तनहुँमा उमेर नपुग्दै विवाह गर्ने र बुझ्ने भएपछि समस्यामा परेर सम्बन्ध विच्छेद गर्ने घटना पनि बढेका छन् । जिल्ला अदालत तनहुँका अनुसार जिल्लामा आर्थिक वर्ष २०७८/०७९ मा सबैभन्दा धेरै सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका छन् । आर्थिक वर्ष २०७८/०७९ मा सम्बन्ध विच्छेदको संख्या ७०७ रहेको छ । आर्थिक वर्ष २०७७/०७८ मा ६७८ सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका थिए । अदालतको विवरण अनुसार सम्बन्ध विच्छेदका मद्दामा अधिकांश २० देखि ३० वर्ष उमेर समुहका छन् । विवाह गर्ने उमेरमा सम्बन्ध विच्छेद गर्न आउने जोडीको संख्या पनि बढ्दो छ । यस्तो अवस्थामा सम्बन्ध विच्छेदपछि आमा बुवाले त स्वतन्त्र जीवन बिताउलान् तर त्यसको प्रत्यक्ष असर भने बालबालिकालाई पर्ने गरेको छ । आमा बुवाको सम्बन्ध विच्छेदले बालबालिकामा मनोवैज्ञानिक असर पार्ने गर्दछ । सम्बन्ध विच्छेदका घटना बालविवाह, विपन्नता, मोबाइल फोन तथा सामाजिक सञ्जालको दुरूपयोग, वैदेशिक रोजगारी, अशिक्षा जस्ता कारणले हुने गरेका छन् । कुटपिट, खान लगाउन नदिनु, बच्चा जन्माउने विषयमा कुरा नमिल्नु, सम्पत्ति प्राप्तिमा लोभ हुनु लगायतका कारणले पहिले सम्बन्ध विच्छेद हुन्थे भने पछिल्लो समय मोबाइल र सामाजिक सञ्जालको दुरूपयोग तथा वैदेशीक रोजगारीका कारण पनि सम्बन्ध विच्छेदका मुद्दा बढ्न थालेका कानुन व्यवसायीहरू बताउँछन् । यस तर्फ अब शिक्षित र सचेत समाज बनाउन सरोकारवाला निकायले ध्यान दिनुपर्ने देखिएको छ ।

# छाकटार्ने माध्यम बन्दै निहुरो र खोलेसाग

**ध्रुवसागर शर्मा**

जाँगरिला मानिसका लागि खोल्साखाल्सी र वनजंगलमा बिना लगानी र बिना श्रम प्राकृतिकरूपमा नै पाइने टुसा, मुना र वनस्पति पनि आम्दानीका गतिला माध्यम बन्दारहेछन् भन्ने प्रशस्त उदाहरण यहाँ भेटिन्छन् । उत्तरी र पश्चिमी म्याग्दीका विद्यालय उमेरका विपन्न बालबालिका, महिला र फुर्सदिला प्रौढ व्यक्ति यतिबेला वनजंगल र चिस्यानयुक्त खोल्सा खाल्सीमा निउरो र खोलेसाग टिपेर बजारमा बिक्री गर्न व्यस्त छन् । वर्षायाममा जङ्गलमा पाइने निहुरो बेचेर यहाँका ग्रामीण महिला र विपन्न विद्यार्थीले घरखर्चको जोहो गरिरहेका छन् भने विद्यालय उमेरका बालबालिकाले पढाइ खर्च जुटाउने गरेका छन् ।

दग्नामका ७२ वर्षीय दलबहादुर गर्बुजाले गाउँको छेउमा रहेको पानीको धारो (पँधेरो) को माथिपट्टी रहेको जग्गामा खोले साग लगाएर एकै याममा रू आठहाजरदेखि रू १० हजारसम्म आम्दानी गर्दै आउनुभएको छ भने त्यहाँका सोमबहादुर बर्देवा, राजन वर्देवालगायत विद्यालय पढ्ने बालबालिकाले डुँडेसाग बेचेर एकै याममा रू १०हजारदेखि १५ हजार आम्दानी गरेर खर्च चलाएका छन्।

विषादी रहित र शतप्रतिशत जैविक हुने भएकाले खोले र डुँडेसाग केही वर्षयता भने स्थानीय किसानका लागि आम्दानीको राम्रो



स्रोत बनेको छ । गाउँदेखि सहर बजारसम्म खोले र डुँडेसागको माग बढ्न थालेपछि दग्नामका बासिन्दाले गाउँको चिस्यानयुक्त ठाउँमा त्यसै खेर गइरहेको साग टिपेर मनग्य आम्दानी गर्न थालेका हुन् । छिपछ्पिे पानी बग्ने खोला र जरूवामा यो साग मौलाउने भएकाले यसलाई खोले साग भनिएको दग्नामका वीरबहादुर बर्देवाले बताउनुभयो । कतिपय स्थानमा खोले सागलाई सीम साग र पालुङ्गे साग पनि भनिन्छ ।

त्यसैगरी डुँडे साग जलुको र खोलाको किनारामा पाइन्छ । बजारमा खोले सागको माग बढ्न थालेपछि स्थानीयवासीले व्यावसायिक रूपमा नै खोले सागको खेती गर्न थालेका छन् । म्याग्दीका दग्नाम, चिमखोला, बेग, हिस्तान, कुइने, गुर्जा, मुदा, मुदीलगायत ठाउँमा खोले साग पाइने भए पनि स्थानीयवासीले यसलाई व्यावसायिक रूप दिन नसकिरहेको अवस्थामा दग्नामका बासिन्दाले व्यावसायिक रूपमा गरेको साग खेतीले धेरैलाई प्रेरणा दिने दर्मिजाका शेरबहादुर गर्बुजाले बताउनुभयो ।

उहाँका अनुसार निहुरो विशेषगरी वर्षाको समयमा जङ्गल र सिमसार क्षेत्रमा पाइन्छ भने खोले साग मङ्सिरदेखि चैतसम्म उत्पादन हुन्छ । विशेष गरेर फागुनदेखि चैतसम्म यसको माग अत्याधिक हुने किसानको भनाइ छ । निहुरो र खोले साग खाँदा कब्जियत, कुपोषण, र आँखाको समस्या भएकाको स्वास्थ्यमा प्रत्यक्ष फाइदा पुग्ने भएकाले यसको माग दिन प्रतिदिन बढ्दै गएको बताइन्छ ।

किसानका अनुसार खोलेसाग रोपेको एक महिनाभित्र नै बेच्न लायक हुन्छ । रोप्नुबाहेक यसको खेती गर्न कुनै लगानी पनि गर्नुपर्दैन । त्यसैले बिना लगानी त्यसै खेर गइरहेको खोलाको पानी सदुपयोग गरेर स्थानीय किसानले राम्रो आम्दानी गर्दै आइरहेका छन् । घरमा छोराछोरीको पालनपोषण, पढाइलेखाइ तथा घरायसी व्यवहार चलाउनुपर्ने भएकाले बेगकी हीराकुमारी विकले वर्षौंदेखि निहुरो तथा मौसमी जंगली तरकारीको व्यापार गरेर घरखर्चको केही हिस्सा धानेको बताउनुभयो । "रोप्ने र गोड्ने काम गर्नु नपर्ने भएकाले आम्दानी त राम्रै हुन्छ तर यो एकै याममा मात्र हुने भएकाले अन्य याममा अरु नै काम खोज्नुपर्ने हुन्छ", उहाँले भन्नुभयो। एक पटकमा रू पाँच हजारदेखि रू १५ हजारसम्मको निहुरो र खोलेसाग बेच्दै आउनुभएकी विकले प्रति मुठा ५० देखि ८० रूपैयसम्म लिने गरेको बताउनुभयो। थोरै मात्रामा निहुरो र खोलेसाग बजारमा आएको बेला अलि राम्रो मूल्य पाउने गरेको उहाँको भनाइ थियो ।

जिल्लाका ग्रामीण क्षेत्रका बासिन्दाले यसबाट राम्रो आम्दानी गर्दै आएको निउरो र खोले सागको व्यापार वर्षायाममा राम्रै फस्टाउने गरेको छ । यसमा पनि अधिकांश महिला र बालबालिका छन् । शुक्रबार र शनिबारका दिन बिहानै खाना खाएर जंगलबाट डोकोभरी निहुरो र डुँडेसाग खोजेर ल्याउनु र सदरमुकाम बेनी बजारलगायत ग्रामीण क्षेत्रका बजारमा लगेर बेच्नु बेग, हिस्तान, दोवा, दग्नाम, नारच्याङलगायत गाउँका विपन्न समुदाय र विद्यालय उमेरका बालबालिकाको वर्षौंदेखिको नियमित कार्य जस्तै बनेको छ ।

धारो, कुवा, खोला वा चिस्यान बढी हुने सिमसार क्षेत्रमा त्यसै खेर गइरहेको निहुरो र खोले साग बेचेर पनि मनग्गे पैसा कमाउन सकिन्छ भन्ने कुरा अनौठो लागेपनि यहाँका बासिन्दाका लागि निहुरो, खोले साग र डुँडेसाग आम्दानीको गतिलो स्रोत बनेको रघुगङ्गा गाउँपालिका-४ का टिकीसरा गर्बुजाले जानकारी दिनुभयो ।

शुक्रबार घरका छोराछोरीलाई समेत जंगलमा लगेर निहुरो खोज्न लगाउने विकले बताउनुभयो । पछिल्लो समयमा जिल्लाका अन्य जंगलबाट पनि केहीले निहुरो र खोलेसाग खोजेर बजारमा बिक्री गरी आम्दानी गरिरहेका छन् । स्कुलमा बिदा भएका समयमा विद्यार्थी पनि समयको सदुपयोग गर्दै निहुरो टिपेर बजारमा बिक्री गरी स्टेशनरी खर्च जुटाउँदै आएका छन् । सदरमुकामका कर्मचारी तथा स्थानीयवासीले निगुरो र खोले सागलाई बजारमा नयाँ जातको प्राङ्गारिक तरकारी भन्दै किन्ने गरेको पाइन्छ । तरकारीका साथै अचार बनाउनसमेत निहुरो र खोले सागको प्रयोग गरिन्छ । रासस

# सुपर न्यादीको सुरूङ मार्ग 'ब्रेक थ्रु'

**रासस/लमजुङ**

पहाडी जिल्ला लमजुङमा निर्माणाधीन ४२ दशमलव ६० मेगावाटको जलविद्युत् आयोजनाको विद्युत् गृह पुग्ने पहुँच सुरूङ मार्गको 'ब्रेक थ्रु' भएको छ । सिउरी न्यादी हाइड्रो पावर कम्पनीद्वारा मर्स्याङ्दी गाउँपालिका-६ स्थित ङादीखोलामा निर्माणाधीन सुपर न्यादी आयोजनाले केही दिनअघि 'ब्रेक थ्रु' गर्न सफल भएको हो । आयोजनाका प्रबन्ध निर्देशक दिनेश गुरूङका अनुसार विद्युत्गृह निर्माणका लागि आयोजनाले ३८७ मिटर सुरूङ मार्ग निर्माण गर्नाका साथै आयोजनाको निर्माणकार्य हालसम्म ३० प्रतिशत सम्पन्न भएको छ ।

विद्युत् गृह नाइँचे गाउँनजिकै निर्माण हुन लागेको उक्त आयोजनाको मुख्य सुरूङ खन्ने कार्यसमेत धमाधम अघि बढिरहेको छ। ड्याम साइडसम्मको २२ किलोमिटर सडकमध्ये करिब डेढकिलोमिटर सडक बनाउन बाँकी रहेको र आगामी दुई महिनासम्म निर्माण सम्पन्न हुने उहाँले बताउनुभयो ।

प्रबन्ध निर्देशक गुरूङले भन्नुभयो, यतिबेला हेलिकोप्टरमार्फत् (एयरलिफ्ट गरी) सामान पुऱ्याएर बाँध र ड्याम साइडबाट सडक खन्ने र सात किलोमिटरको सुरूङमार्गको काम भइरहेको छ । सुरूङका लागि दुई वटा अडिट टनेलसहित ५०० मिटर खन्ने काम सकिएको छ । यतिबेला दैनिक निर्माण कार्यमा २४० जना खटिएको आयोजनाले जनाएको छ। आयोजनाको विद्युत् खरिदबिक्री सम्झौता (पिपिए) अनुसार आगामी दुई वर्ष (२०८१ असार) भित्र विद्युत् उत्पादन सुरू गरिसक्नुपर्छ । हाई हिमालय र धवलागिरि कन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट प्रालिले निर्माणको ठेक्का लिएको छ ।

आयोजनामा एनएमबी बैंकको अगुवाइमा छ वटा वित्तीय संस्थाले रू पाँच अर्ब २५ करोड ऋण लगानी गर्नेछ । प्रवर्धकको इक्वीटी (स्व पुँजी) एक अर्ब ७५ करोड रहनेछ । उक्त बैंक एवं वित्तीय संस्थाको ७५ प्रतिशत र प्रवर्धकको २५ प्रतिशत लगानी रहने आयोजनाले जनाएको छ । करिब रू सात अर्बको लागतमा निर्माण सम्पन्न गर्ने आयोजनाको लक्ष्य छ ।

आयोजनाबाट उत्पादन हुने विद्युत्लाई विद्युत्गृहदेखि ११ किलोमिटर टाढाको टारीकुनामा निर्माण गरिने १३२ केभी प्रसारण लाइन खुदी सवस्टेसनमा जोडिने भएको छ। सवस्टेसनसम्मको प्रसारण लाइन आयोजनाले नै निर्माण गर्ने भएको छ । यस आयोजनाका अनुसार वर्षात्को छ महिना प्रतियुनिट चार रूपैयाँ ८० पैसा र छ महिनाको हिउँदयाममा आठ रूपैयाँ ४० पैसाको दरले विद्युत् खरिदबिक्री गरिने भएको छ ।

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २१२१/०७३/७४
पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-४, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
रचनात्मक कामले मनग्य धन आर्जन हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
सहयोगीहरु पछि हट्न सक्छन्। समस्याप्रति गम्भीर नबन्दा अवसर गुम्न सक्छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
द्वेष तथा ईर्ष्या गर्नेहरूले हार खानेछन् । चुनौती पन्छाएर पनि काम बनाउन सकिनेछ ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ । हतारको निर्णयले काम बिग्रन सक्छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
व्यवसायले रमाइलो यात्रा गराउनेछ। अतिथिका रूपमा मानसम्मान समेत प्राप्त हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
समयमा सजग नहुँदा काममा अवरोध आउन सक्छ । अवसरको खोजीमा आफन्तबाट टाढिनुपर्ने हुन सक्छ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । मिहिनेत गर्दा जीवनशैलीमा परिवर्तन आउनेछ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
समयमा होस नपुग्नाले फजुल खर्च बढ्नेछ । चिताएका काममा अनायासै व्यवधान देखा पर्न सक्छ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
व्यापार-व्यवसायमा समेत सोचेको फाइदा नउठ्ने देखिन्छ। निराश नहुनुहोस्, मौका पर्खदा स्थितिमा सुधार आउन सक्छ।

# ‘सामाजिक सञ्जाल प्रयोग गर्दा ख्याल गरौं’

आदित्य दाहाल/काठमाडौं

केही समय अगाडि साइबर ब्यूरोको कार्यालय भोटाहिटीमा एउटा उजुरी पऱ्यो। पीडित महिलाले आफ्नो अन्तरङ्गको फोटो बाहिर ल्याइदिने धम्की दिएको जनाउँदै उजुरी दर्ता गरेको थिइन् । सामाजिक सञ्जाल फेसबुकमा नक्कली 'प्रोफाइल' मार्फत ती पीडित महिलालाई साथी बन्न अनुरोध गर्दै 'फ्रेण्ड रिक्वेस्ट' आयो । चिनजान नभएको व्यक्तिले पठाएको उक्त रिक्वेस्टलाई महिलाले सहजै स्वीकार गरिन् । उनीहरु फेसबुकमा साथी बने । कुरा हुँदै गएपछि उनीहरु नजिकिँदै गए । सबै कुराहरु एकअर्कालाई शेयर गर्न थाले । उनीहरु यतिसम्म नजिक भए कि आफ्नो निजी तस्बिर एकअर्कालाई पठाउनेसम्म गर्न थाले ।

योजनाबद्धरूपमा साथी बनेका ती युवकले महिलाको हरेक गतिविधिको 'स्क्रिन रेकर्ड' र 'स्क्रिन सर्ट' लिएर राखे । केही समयपछि युवकले ती महिलालाई उक्त सबै गतिविधिको आफूसँग रेकर्ड भएको र पैसा नदिए सामाजिक सञ्जालमा हालिदिने बताउँदै धम्काउन थाले । कहिले आफैँले धम्काउने गरे भने कहिले साथीबाट ती महिलालाई भिडियो पठाउँदै धम्काउन थाले ।

अश्लिल भिडिओको आडमा ती युवकले पीडित महिलालाई बारम्बर मानसिक यातना दिन थाले । यति गर्दासमेत आर्थिक लाभ लिन नसकेपछि अश्लिल भिडिओ महिलाका आफन्तलाई पठाएर यातनालाई पुनः निरन्तरता दिन थाले । उक्त घटनापछि पीडित महिलाले दिएको उजुरीमार्फत गत साउन २४ गते साइबर ब्यूरोको टोलीले ललितपुर महालक्ष्मी नगरपालिका–८ बस्ने २४ वर्षीय अमन राजथला पक्राउ गऱ्यो। प्रहरीले उनलाई विद्युतीय कारोबार ऐन २०६३ अन्तर्गतको कसूरमा मुद्दा दायर गरेको छ ।

त्यस्तै गत भदौ १९ गते नेपाल प्रहरीले सामाजिक सञ्जालमार्फत महिलालाई हैरानी तथा अपमान गर्ने कपिलवस्तु बुद्धभूमि नगरपालिका–३ टाँकुका २९ वर्षीय मोहन कुँवरलाई पक्राउ गऱ्यो । नक्कली 'फेक अकाउन्ट' बनाएर 'लाइभ स्ट्रिमिङ'मार्फत आपत्तिजनक अश्लिलता प्रदर्शन गरी महिलालाई मानसिक तनाव, दुःख र हैरानी दिएको आरोप उनी पक्राउ परेका हुन् । उनीलाई पनि विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा प्रहरीले मुद्दा चलाएको छ ।



माथिको उक्त घटना प्रतिनिधि पात्र मात्रै हुन् । सामाजिक सञ्जालका विभिन्न माध्यमको दुरूपयोग गरी महिला र पुरूषमाथि हिंसा हुने क्रम भने रोकिएको छैन, झनै बढ्दै भएको छ । सामाजिक सञ्जालमार्फत गाली गर्ने, अश्लिलता प्रदर्शन गर्ने, 'बेवसाइट ह्याक' गर्ने, अनाधिकृत रूपमा नग्न तस्बिर पठाउने, विभिन्न प्रलोभनमा पारेर 'ब्ल्याक मेल' गर्ने गरेको जनाउँदै अहिले साइबर ब्यूरोमा उजुरी पर्ने संख्या बढ्दै गएको छ । फेसबुक, म्यासेन्जर, भाइबर, आइएमओ, टिकटकलगायतका थुप्रै सामाजिक सञ्जालका माध्यमबाट साइबर अपराध बढेको ब्यूरोको तथ्याङ्कले देखाएको छ । साइबर ब्यूरोको तीन आर्थिक वर्षको तथ्याङ्क हेर्ने हो भने साइबर अपराधमा चिन्ताजनक तस्बिर सामुन्ने आउँछ।

आर्थिक वर्ष २०७८/७९ मा मात्रै साइबर ब्यूरोको कार्यालय भोटाहिटीमा चार हजार छ सय ८६ उजुरी दर्ता भएका थिए । तीमध्ये सबैभन्दा बढी फेसबुक र म्यासेन्जरमार्फत पीडित बनेकाको छ। यो समस्या पीडित भएकाको सङ्ख्या तीन हजार नौ सय ५६ रहेको जानकारी साइबर ब्यूरोले उपलब्ध गराएको छ । यी दुईपछि सबैभन्दा बढी उजुरी टिकटकबाट पीडित हुनेले दिएका छन्। यसमा उजुरी दिने तीन सय सात छन्। यसैगरी बैंक तथा वित्तीय संस्थासँग सम्बद्ध उजुरीको संख्या एक सय २७ रहेको छ । गत आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको संख्या चार हजार छ सय ८६ रहेको तथ्याङ्क प्राप्त भएको छ।

यसैगरी आव २०७७/७८ मा फेसबुक र म्यासेन्जरबाट पीडित भएर उजुरी दिनेको संख्या तीन हजार चार सय ५१ रहेको छ । त्यस्तै टिकटकमा ७०, बैंक तथा वित्तीय संस्था सम्बद्ध उजुरी दिनेको संख्या ९६ रहेको छ। उक्त आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको संख्या तीन हजार नौ सय छ पुगेको देखियो।

आव २०७६/७७ मा भने फेसबुक र म्यासेन्जरबाट पीडित भएर उजुरी दिनेको सङ्ख्या दुई हजार दुई सय ५० रहेको छ । त्यस्तै टिकटकमा चार, बैंक तथा वित्तीय संस्था सम्बद्ध उजुरी दिनेको संख्या १५ रहेको छ। उक्त आवमा सामाजिक सञ्जालबाट पीडित भएकाको सङ्ख्या दुई हजार तीन सय एक पुगेको साइबर ब्यूरोबाट उपलब्ध तथ्याङ्कले देखाएको छ । सामाजिक सञ्जालका विभिन्न माध्यमबाट पीडित भएको भन्दै उजुरी परेको आधारमा सो कार्यालयले तीन आवमा दुई सय ५८ मुद्दा दर्ता गरेको छ । फेसबुक, म्यासेन्जर, भाइबर, आइएमओ, टिकटक लगायतका थुप्रै सामाजिक सञ्जालका माध्यमबाट पीडित बनेको भन्दै प्रहरीमा परेको उजुरीको आधारमा साइबर ब्यूरोले आव २०७८/७९ मा एक सय ३२ मुद्दा दर्ता गरेको थियो। त्यस्तै आव २०७७/७८ मा ७६ र २०७६/७७ मा ५० वटा मुद्दा ब्यूरोले जिल्ला अदालत काठमाडौँमा दर्ता गरेको हो ।

उक्त तीन आवमा विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा पक्राउ परेर मुद्दा चलाएको एक सय ८४ पुरूष र १६ जना महिला गरी दुई सय रहेका छन् । जसमा क्रमशः आव २०७८/७९ मा ९७ पुरूष र १५ महिला, आव २०७७/७८ मा ५० पुरूष र आर्थिक वर्ष २०७६/७७ मा ३७ पुरूष र एक महिला पक्राउ गरेका थिए ।

यसरी तुलनात्मकरूपमा बढेको विद्युतीय अपराधको विषयमा नेपाल प्रहरीको साइबर ब्यूरोका प्रहरी उपरीक्षक तथा सूचना अधिकारी पशुपतिकुमार रायले नागरिकमा साइबर अपराधसम्बन्धी चेतनाको स्तर बढ्दै भएकाले पनि उजुरी पर्नेको क्रम बढेको हो भन्नुभयो ।

उहाँका अनुसार–अहिले डिजिटल माध्यमको पहुँच हरेक नागरिकसम्म पुगेकाले अपराधको तथ्याङ्क पनि बढेको देखिन्छ । समयअनुसार हरेक नागरिक सामाजिक सञ्जालको पहुँचसँग (फेसबुक, म्यासेन्जर, टिकटक, भाइबर आदि) जोडिँदै गएका छन् । यसरी उक्त माध्यमबाट पीडित बन्नेको सङ्ख्यामा पनि वृद्धि भएको हो । उहाँले सामाजिक सञ्जालका विभिन्न माध्यमको दुरूपयोग गरी आर्थिक लाभ लिने मनसाय राखेर पनि अपराध गर्ने गरेको जानकारी दिनुभयो । सूचना अधिकारी रायले भन्नुभयो "अपराधबाट बच्नका लागि नागरिक आफैँ सचेत र चनाखो हुनुपर्छ ।" रासस

# शुक्लागण्डकी र आँबुखैरेनीका ........

शुक्लागण्डकी र देवघाटका एक/एक वडामा जग्गा नापीको कामसमेत सुरू भइसकेको छ ।

राष्ट्रिय भूमि आयोग तनहुँका अध्यक्ष रामचन्द्र अधिकारीका अनुसार शुक्लागण्डकी नगरपालिका–७ र देवघाट गाउँपालिका–५ मा जग्गा नापजाँचको काम जारी छ । हालसम्म बन्दिपुर गाउँपालिका, आँबुखैरेनी गाउँपालिका–१ र २, देवघाट गाउँपालिका–५, भानु नगरपालिका–१, व्यास नगरपालिका १, २, ३ मा भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदनको निस्सा वितरण गरिएको छ ।

जिल्लाका दश पालिकामा भूमिहीन दलित एक हजार एक सय आठ, भूमिहीन सुकुम्बासी एक हजार आठ सय ७२ र अव्यवस्थित बसोबासी २३ हजार एक सय ३७ गरी २६ हजार एक सय १७ को निवेदन दर्ता भएको छ ।

२०७८ को एस.ई.ई.मा उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई एवं सफल जीवनको कामना गर्दछौं ।

कक्षा ११ मा भर्ना खुल्यो

२०४४ सालदेखि उच्च शिक्षामा विशेष योगदान दिदैं आएको यस आदिकवि भानुभक्त क्याम्पस दमौलीमा शैक्षिक वर्ष २०७९ का लागि विज्ञान, शिक्षा, व्यवस्थापन, मानविकी र कानुन समूहका विषयहरूको कक्षा ११ मा भर्ना खुलेको व्यहोरा सम्बन्धित सबै अभिभावक तथा विद्यार्थीहरूलाई सहर्ष जानकारी गराइन्छ । समसामयिक र रोजगारमूलक विषयहरू जस्तै Science, Computer Science, Hotal Management, Law लगायतका विषयहरू पढाइ हुनेछ ।

क्याम्पसका विशेषताहरू :

- दक्ष तथा अनुभवी प्राध्यापकहरूद्वारा अध्यापन हुने ।
- आधुनिक पुस्तकालय, विज्ञान/कम्प्युटर/H.M. को प्रयोगशाला तथा फ्रि-वाइफाईको व्यवस्था भएको ।
- कम्पाउन्ड सहितको क्याम्पसको आफ्नै भूकम्प प्रतिरोधात्मक भवन र स्वच्छ शैक्षिक वातावरण
- हजारौं सहयोगदाताहरूबाट सहयोग प्राप्त समुदायमा आधारित तथा आर्थिक पारदर्शिता भएको
- स्थानीय बस व्यवसायीहरूसँगको समन्वयमा बिहानी र दिवा समयमा यातायातको सुविधा भएको
- सहिद परिवार, दलित, जनजाति, आर्थिक विपन्न, अपाङ्ग र भूकम्प पीडित जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति र छात्राबासको सुविधा भएको ।
- एस.ई.ई. परीक्षामा GPA ३.० देखि ३.२० भन्दा कम प्राप्त गरेका विद्यार्थीहरूलाई २५ प्रतिशत, GPA ३.२० देखि ३.६० भन्दा कम प्राप्त गरेका विद्यार्थीहरूलाई ५० प्रतिशत र GPA ३.६० देखि ४.० सम्म प्राप्त गरेका विद्यार्थीहरूलाई १०० प्रतिशत प्रवेश शुल्कमा छुट दिइनेछ।
- अपाङ्गता भएका विद्यार्थीहरूलाई प्रवेश शुल्क र मासिक शुल्कमा ७५ प्रतिशत छुट दिइनेछ

**भर्ना कार्यक्रम** : धमाधम भईरहेको छ ।
**कक्षा सञ्चालन** : २०७९ श्रावण २२ गतेदेखि सञ्चालन भएको छ ।

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ । सम्पर्क फोन : ०६५-५९००९६ ९८५६०७९८५८ र ९८४६०४३३१२
वेव साइट : www.aadikavicampus.edu.np

हाम्रा उपलब्ध सेवाहरू :

१) डा. हेमन्त श्रेष्ठद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

## वीमा अभिलेख कार्ड हराएको सूचना

यही मिति २०७९/०३/१५ गते तनहुँको भानु-११ बाट डुम्रे हुँदै दमौली तर्फ आउने क्रममा मेरो तपसिल बमोजिमको लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको वीमा अभिलेख कार्ड हराइरहेको हुँदा पाउनुहुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा निम्न फोन नम्बरमा सम्पर्क गरी जानकारी दिनुहुन अनुरोध छ ।

**वीमकको नाम** : व्रीष के.सी. **विमालेख नम्बर** : २५०१०४७९९
**संरक्षकको नाम** : विष्णु गुरूङ के.सी.
**ठेगाना** : भानु नगरपालिका-११, ढाँडफेदी, तनहुँ ।
**सम्पर्क नं.** : ९८४६१६५०४५




दिप इन्टरप्राइजेज्

आँवुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२

के तपाई आकर्षक र गुणस्तरीय गरगहनाको खोजीमा हुनुहुन्छ ?

९८४६३७१४८७, ९८०८४२३४७८ प्रो. सुमन वि.क.

सेन्चुरी ज्वयलर्स
सुन चाँदी पसल
व्यास-२, दमौली, तनहुँ

विवाह वारी २० वर्ष पारी
सानै छु बढ्न देऊ, बाल विवाह हैन पढ्न देऊ



बालविवाह गर्नु गराउनु दण्डनीय अपराध हो

हामी सबै मिली बालविवाह अन्त्य गरौं, सभ्य समाजको निर्माण गरौं ।

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ । गण्डकी प्रदेश

इलेक्ट्रीक सामानहरू मर्मत गर्नुका साथै इलेक्ट्रीकका सामान सुपथ मूल्यमा खरिद गर्नुपरेमा हामीलाई सम्झनुहोस ।

प्रो. प्रकाश महतो मो. ९८४६४७००००, ९८४६२३४८८८

चौधरी इलेक्ट्रीकल मर्मत केन्द्र

व्यास-२, दमौली, तनहुँ

मित्रता स्वास्थ्य क्लिनिक
MITRATA HEALTH CLINIC

व्यास-३, अनसन चौतारी, दमौली, तनहुँ
फोन : ०६५-५६५६०७, ९८१६१६८४८८, ९८४१४७९०५८
प्रो. चन्द्र बहादुर चौधरी

हाम्रा सेवाहरू :
दैनिक विरामी जाँच, प्रसुती तथा स्त्रीरोगका विशेषज्ञ सेवा, नेवुलाइजर (बाफ), प्याथोलोजी सेवा (Lab), ड्रेसिङ, प्लाष्टर, परिवार नियोजन परामर्श सेवा, सुरक्षित गर्भ पतन, X-Ray, भिडियो X-Ray, ECG सेवा, माइनर अप्रेसन, फार्मेसी सेवा, साथै अन्य सेवाहरू र उचित परामर्श ।

वि.सं. २०३९ देखि निरन्तर प्रकाशित
भञ्ज्याङ राष्ट्रिय दैनिक
तपाई जहाँ भएपनि अब हामी तपाईकै साथ र हातमा
ANDROID APP ON Google play
Bhanjyangnews
Bhanjyang Daily
@bhanjyangdaily
News/Media Website
Follow
भञ्ज्याङ दैनिक
@bhanjyangdaily
www.bhanjyangnews.com
YouTube Bhanjyang Daily
Contact : 065-563907
E-mail : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**कर्मचारीको विरोध :** संयुक्त ट्रेड यूनियन सञ्जालद्वारा निर्धारित कार्यक्रम वमोजिम तनहुँ जिल्लाका सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरू आफ्ना मागहरु लेखिएको कालो ब्यानर जिल्ला प्रशासन कार्यालयको गेटमा टाँसेर सामुहिक तस्विर खिचाउँदै । विभिन्न ११ बुँदे माग लेखिएको कालो व्यानर जिल्लाका सबै सरकारी कार्यालयमा टाँसेर कर्मचारीहरूले हातमा कालो पट्टी बाँधेर कामकाज गर्न थालेका छन् । *तस्विर : भञ्ज्याङ*

# स्थानीय चुनावमा १०१ ठाउँमा चलेको थियो गोली, कस्तो होला संसदीय चुनाव ?

## तनहुँका तीन स्थानमा २९ राउन्ड हवाई फायर

**लोकेन्द्र प्रसाई**/काठमाडौं

आगामी मंसिर ४ गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन गर्ने निर्णय सरकारले गरिसकेको छ । निर्वाचन आयोगदेखि गृह मन्त्रालयसम्मले हरेक ५ वर्षमा हुने यो निर्वाचनका लागि आवश्यक तयारी तीव्र रुपमा अगाडि बढाएका छन् । चुनावी तयारीको एउटा महत्त्वपूर्ण पाटो हो शान्ति सुरक्षा । चुनावअघि र पछि हुन सक्ने सम्भावित हिंसात्मक घटनालाई रोक्न सुरक्षा निकायहरु विशेष योजनाका साथ खटिने गर्छन्। अघिल्ला चुनावहरूको पनि विश्लेषण गरेर सुरक्षा निकायहरूले आवश्यक योजना निर्माणको काम अघि बढाइरहेका छन् । यति बेला सुरक्षा योजना तय गर्नका लागि सबैभन्दा पहिलो सन्दर्भ सामग्री भनेको भर्खरै सम्पन्न भएको स्थानीय चुनावमा हो । स्थानीय चुनावमा भएका घटनाहरूको विश्लेषण गरेर आगामी चुनावका लागि रणनीति तय गर्न विभिन्न निकायहरू तल्लीन छन् ।

**स्थानीय चुनावमा के-के भयो ?**

सरकारले गत वैशाखको अन्तिम साता मात्र स्थानीय तहको निर्वाचन सम्पन्न गरेको थियो । निर्वाचनका क्रममा १०१ ठाउँमा गोली चलेको थियो। त्यसमा प्रहरीले ५ सय ८० राउन्ड हवाई फायर गरेको थियो भने ५७ सेल अश्रुग्याँस प्रहार भएको थियो । स्थानीय चुनावका बेला सबैभन्दा बढी हवाई फायरका घटना सुदूर पश्चिम प्रदेश र मधेश प्रदेशमा भए । सुदूर पश्चिम प्रदेशका २८ ठाउँमा प्रहरीले एक सय ४९ राउन्ड हवाई फायर गरेको थियो ।

अछामका चार स्थानमा ३८ राउन्ड हवाई फायर भएको थियो । पन्चदेवल विनायकको दुई स्थानमा २३ राउन्ड हवाई फायर भएको थियो। यस्तै बाजुराका १२ ठाउँमा ५८ राउन्ड हवाई फायर भएको प्रहरीको केन्द्रीय तथ्यांक छ । बुढिगंगामा मात्र पाँच स्थानमा ३३ राउन्ड हवाई फायर भएको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाको गृहजिल्ला डडेल्धुराको एक स्थानमा मात्र हवाई फायर भएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार अजयमेरू गाउँपालिका-२ मतदानस्थलमा ४ राउन्ड हवाई फायर भएको थियो । बझाङका १० ठाउँमा ४९ राउन्ड हवाई फायर भएको थियो। थराला गाउँपालिका-५ मा मतपेटिका ढुवानी गर्ने क्रममा प्रहरीले २१ राउन्ड हवाई फायर गरेको थियो। कर्णालीका चार जिल्लाका १३ स्थानमा ६१ राउन्ड हवाई फायर भएको प्रहरीले जनाएको छ । त्यसमा पनि हुम्लाको खार्पुनाथ गाउँपालिका-१ मा १३ राउन्ड र चंखेली-४ मा १५ राउन्ड हवाई फायर भएको थियो ।

यस्तै मधेश प्रदेशका २७ ठाउँमा गोली चलेको थियो । सर्लाहीका ९ स्थानमा ६५ राउन्ड हवाई फायर भएको थियो । धनकौल गाउँपालिका-२ स्थित मतदान स्थलमा मात्र २० राउन्ड हवाई फायर र १० सेल अश्रु ग्याँस प्रहार भएको थियो भने सिराहाका तीन स्थानमा हवाई फायर भएको थियो । गोलबजारको आशोपुरबलकवामा मात्र १८ राउन्ड हवाई फायर र ८ सेल अश्रु ग्याँस प्रहार भएको थियो । पर्साका तीन ठाउँमा ६ राउन्ड, धनुषाको दुई ठाउँमा दुई राउन्ड हवाई फायर भएको प्रहरीले जनाएको छ ।



रौतहटको ८ ठाउँमा एक सय ११ राउन्ड हवाइ फायर र पाँच ठाउँमा ३१ सेल अश्रुग्याँस प्रहार भएको थियो। यमुनामाई गाउँपालिकाको भेडियाही मतदान केन्द्रमा मात्र ८२ राउन्ड हवाई फायर भएको थियो । फतुवाविजय नगरपालिकाका तीन स्थानमा १५ राउन्ड हवाई फायर र एक ठाउँमा ९ सेल अश्रु ग्याँस प्रहार भएको थियो ।

प्रदेश-१ ओखलढुंगा, उदयपुर र सुनसरीका तीन ठाउँमा हवाई फायर गर्नु परेको थियो । त्यहाँ अश्रु ग्याँस प्रहार गर्ने अवस्था भने बनेको थिएन। बागमती प्रदेशमा सबैभन्दा बढी रामेछापमा २० राउन्ड हवाई फायर भएको प्रहरी तथ्यांक छ । गण्डकी प्रदेश अन्तर्गत गोरखाका ६ स्थानमा २९ राउन्ड हवाई फायर भएको थियो। तनहुँका तीन स्थानमा २९ राउन्ड हवाई फायर भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

गएको स्थानीय निर्वाचनमा देशका विभिन्न स्थानमा भएका विवाद र झडपमा राजनीतिक दलका कार्यकर्ताहरु संलग्न थिए । खास गरी नेपाली कांग्रेस, माओवादी केन्द्र र नेकपा एमालेका कार्यकर्ताहरूबिच झडप भएको थियो ।

प्रहरी प्रधान कार्यालयका अनुसार प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु भएको थियो। उदयपुरको कटारीमा मतदान सम्पन्न भएपछि मतपेटिका उठाउने क्रममा भएको विवादमा प्रहरीले चलाएको गोली लागेर एक युवकले ज्यान गुमाएका थिए । निर्वाचनमै सहभागी हुने क्रममा लुम्बिनी र कर्णाली प्रदेशमा एक जनाको ज्यान गएको थियो ।

प्रहरी प्रधान कार्यालयले झडपमा ४९ जना प्रहरी, २६ जना म्यादी प्रहरी र एक सय ७ जना सर्वसाधारण घाइते भएको जनाएको छ । मधेश प्रदेशमा मात्र १४ जना प्रहरी र २० जना सर्वसाधारण घाइते भएका थिए। यस्तै सुदूरपश्चिम प्रदेशमा १६ जना प्रहरी र ६८ जना सर्वसाधारण घाइते भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ । मतदान प्रभावित भएपछि १६ जिल्लाका २८ पालिकाका ४३ मतदानस्थल अन्तर्गत ७७ मतदान केन्द्रमा पुन मतदान गराइएको थियो ।

**प्रतिनिधिसभामा सुरक्षा चुनौती ज्यादा : पूर्वडीआईजी मल्ल**

नेपाल प्रहरीका पूर्वडीआइजी हेमन्त मल्ल स्थानीय तहभन्दा ज्यादा सुरक्षा चुनौती प्रतिनिधि सभा निर्वाचनमा हुने बताउँछन् । केन्द्रीय तहको निर्वाचन भएकाले राज्यका नीति, निर्णयहरूमा प्रभाव पार्ने तत्वहरूको सक्रियता बढ्ने हुँदा सुरक्षा एजेन्सीहरु चनाखो हुनुपर्ने उनको भनाइ छ । 'स्थानीय तहमा पार्टीभन्दा पनि व्यक्ती उठ्छ । मतदाताहरु एक आपसमा चिने जानेकै हुन्छन् । त्यसैले मुठभेडको सम्भावना तुलानात्मक रूपमा कम हुन्छ', पूर्वडीआईजी मल्ल भन्छन्, 'तर प्रतिनिधिसभा निर्वाचनमा देशको एउटा कुनाको मान्छे अर्को कुनामा पुगेर उठिरहेको हुन्छ । त्यसैले यहाँ व्यक्तिभन्दा पनि पार्टी प्रधान हुन्छ । पार्टीका उत्तेजक भाषण, क्रियाकलापहरूले सुरक्षा चुनौती बढाउँछन् ।'

त्यसबाहेक स्वार्थ समूहहरु पनि एकदमै सक्रिय हुने भएकाले पार्टीले गर्ने खर्च पनि बढी हुने उनी बताउँछन्। 'मतदाता धेरै भएकाले मत पनि धेरै ल्याउनुपर्ने बाध्यता हुन्छ । त्यसका लागि मतदाता खरिद विक्रीका खेलहरु हुने गर्छन् । बाह्य तथा आन्तरिक शक्तिहरु आफ्ना मान्छेलाई जिताउन हदैसम्म प्रयास गर्छन्', मल्ल भन्छन् । मतदानका दिन हुने बुथ क्याप्चर र मत पेटिका परिवर्तनलाई पनि महत्वपूर्ण सुरक्षा चुनौतीका रूपमा हेरिनुपर्ने उनी बताउँछन् । त्यस्तै सरकारले आ□नो रूचि अनुसार लगेका जिल्ला प्रहरी प्रमुख र प्रमुख जिल्ला अधिकारी भएका ठाउँमा निर्वाचन आयोगले विशेष निगरानी बढाउनुपर्ने उनको सुझाव छ । नेपालप्रेसबाट

![facebook twitter]

**अंकित भुसाल**



twitter.com/ankitbhusal01

अगुल्टोले हानेको कुकुर बिजुली चम्किँदा तर्सिन्छ तर सानैदेखि आमाबाको गालीले तर्सेको छोराछोरीले कालान्तरमा आमाबालाई नै तर्साउने काम गर्न बेर लाग्दैन । त्यसैले हरकोहीलाई संस्कार भनेको नम्र बोलीले सिकाउनु पर्छ ।

**सुरेश**



twitter.com/suresh_koinch

फेल भएको विद्यार्थीलाई एक वर्षको मूल्य थाहा हुन्छ। ९ महिना अगाडि सन्तान जन्माउने आमालाई महिनाको मूल्य थाहा हुन्छ । साप्ताहिक पत्रिका छाप्नु पर्ने पत्रिकाका सम्पादकलाई एक हप्ताको मूल्य थाहा हुन्छ, भोलि फाँसी हुनेलाइ एक दिनको मूल्य थाहा हुन्छ, एक घण्टाको मूल्य प्रेमीलाई थाहा हुन्छ । जो प्रेमीसंग बसेको छ र एक पल को मुल्य उसलाई थाहा हुन्छ जसको गाडी भर्खरै छुटेको छ ।

**जिशन मयल**



twitter.com/Jisanmayal

हरेक पल्ट चाहनाहरू मरेर जान्छन्, हरेक रात पटकपटक बिउझेर रात बित्छ, अग्ला घर जस्तै ठिङ्ग उभि दिन्छन् जिम्मेवारीका पहाडहरू जहाँ ऊ आफु बाचेको जिन्दगीसँग हरेकपल्ट अन्जान हुन्छ । पैसाले आवश्यकता पूरा हुन्छन् तर खुसी किन्न पाइदैन जुन आफ्नाहरूको साथमा हुन्छ ।

**मदन मोहन**



twitter.com/Madankkharel

जब जिवनका कठिन घडिमा पनि कसैले तपाईंलाई साथ, समर्थन वा हौसलासम्म मात्र पनि दिंन सक्दैन वा चाहाँदैन त्यस्तो सम्बन्धहरू नहुनुले जिवनमा कुनै फरक फार्दैन ...!

# तीन जना छात्रालाई छात्रवृत्ति रकम वितरण

**भञ्ज्याङ समाचारदाता**/डुम्रे

तनहुँको बन्दिपुर गाउँपालिकाको मित्रता माध्यमिक विद्यालयका तीन जना छात्राहरूलाई छात्रवृत्ति रकम प्रदान गरिएको छ । विद्यालयबाट २०४८ सालमा एसएलसी परीक्षा दिएका विद्यार्थीहरूको समुहबाट संकलित रकमबाट स्थापना गरिएको अक्षकोषबाट छात्राहरूलाई रकम प्रदान गरिएको छ ।

२०७८ सालमा पूर्व विद्यार्थीहरूले एक लाख रूपैयाँ संकलन गरी अक्षयकोष स्थापना गरेका छन् । उक्त अक्षयकोष रकमको व्याज ११ हजार २०० रूपैयाँ र स्थानीय सदस्यहरूबाट संकलित ६ हजार ८०० रूपैयाँ थप गरी तीन जना छात्रालाई जनही छ हजार रूपैयाँका दरले छात्रवृत्ति रकम वितरण गरिएको हो ।



मित्रता माध्यमिक बिद्यालयका प्रधानाध्यापक सरिता पौडेलले छात्राहरू सिर्जना भुजेल, अबिगेल भुजेल र नीरा भुजेललाई छात्रवृत्ति बापतको रकम उपलब्ध गराइएको स्थानीय डिपी अधिकारीले बताए।

## विज्ञापन आचारसंहिताको पालना गरौं

- विज्ञापन गर्दा कसैको पनि आत्मसम्मान वा मर्यादामा चोट नपुऱ्याऔं ।
- विज्ञापनमा महिलालाई यौन, भोग्य वस्तु, विलासिता वा मनोरञ्जनको साधनको रूपमा प्रयोग नगरौं ।
- संवेदनशील अंग प्रदर्शन गर्ने, यौन उत्तेजना फौलाउने खालका विज्ञापन नगरौं ।
- महिलालाई पुरूषको तुलनामा कमजोर पात्रको रूपमा प्रसतुत नगरौं ।
- लैङ्गिक विभेद र महिला हिंसालाई बढवा दिने विज्ञापन नगरौं ।
- कुनै जान, जाति, धर्म, संस्कृति, प्रथा, परम्परा वा रीतिरिवाजप्रति अपहेलना र अपमानित गर्ने, भ्रम सृजना गर्ने, घृणा फैलाउने विज्ञापन नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन: ०६५-५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४